आज मिति २०७४।१०।१४ गतेका दिन यस दार्मा गाउँ पालिका को अध्यक्ष श्री निम बहादुर के.सी. ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिका को बैठक प्रारम्भ गरियो ।

तपसिल

(१) श्री निम बहादुर के.सी. - अध्यक्ष
(२) श्री टिका शर्मा वली - उपाध्यक्ष
(३) श्री वसुन्धरा पुन - प्रमुख प्रशासकीय अधिकृत
(४) श्री कवि कुमार चन्द - वडा अध्यक्ष (वडा नं. १)
(५) श्री डिल्ली बहादुर के.सी " " २
(६) श्री सेतीराम रोकाहा " " ३
(७) श्री चन्द्र बहादुर रावत " " ४
(८) श्री राम बहादुर के.सी. " " ५
(९) श्री दुर्गा बहादुर मल्ल " " ६
१०) श्री देवी रवकी कार्यपालिका सदस्य
११) श्री जुनामल्ल चन्द " "
१२) श्री अमृता कामी " "
१३) श्री मञ्जु शाही " "
१४) श्री धनीराम नेपाली " "
(१५) श्री जित बहादुर ओली खरिदार
(१६) श्री सन्तराम कामी - कार्यपालिका सदस्य
(१७) श्री माया शाही का.ति

प्रस्तावहरु

(१) जनप्रतिनिधिहरुको अभिमुखिकरण सम्बन्धमा।
(२) सा०सु० नामावली सम्बन्धमा।
(३) पञ्जिकरण सम्बन्धी तालिम सम्बन्धमा।
(४) लक्षित वर्गका कार्यक्रम सम्बन्धमा।
(५) अनुगमन समिति गठन सम्बन्धमा। (६) परिक्षा समिति गठन सम्बन्धमा।
(७) विभिन्न समिति गठन सम्बन्धमा। (८) आर्थिक सहयोग सम्बन्धमा।
(९) कानुन विज्ञ सम्बन्धमा।

निर्णयहरु

नि०नं० (१) प्रस्ताव नं० १ मा छलफल गर्दा दार्मा गाउँ पालिकाको का निर्वाचित जनप्रतिनिधिहरुलाई मिति २०७४।१०।१८ देखि २०७४।१०।१९ सम्म स्थानीय शासन सञ्चालन तथा सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो।

निर्णय नं (२) प्रस्ताव नं० २ मा छलफल गर्दा सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुको नामावली विवरण मिति २०७४।१०।१९ गते सम्ममा गाउँपालिकाको बुझाउन वडा कार्यालय हरुलाइ खबर गर्ने निर्णय गरियो।

निर्णय नं (३) प्रस्ताव नं० ३ मा छलफल गर्दा कर्मचारीहरुलाइ पञ्जीकरण व्यवस्थापन सम्बन्धी तालिम आगामी गाउँसभा पश्चात गर्ने निर्णय गरियो।

निर्णय नं०(४) प्रस्ताव नं० ४ मा छलफल गर्दा वडास्तरीय लक्षित वर्गका कार्यक्रमहरु वडा सचिवहरुको नेतृत्वमा सञ्चालन गर्ने निर्णय गरियो।

निर्णय नं (५) प्रस्ताव नं० ५ मा छलफल गर्दा यस गाउँपालिका अन्तर्गत सञ्चालन भएका योजना तथा कार्यक्रमहरु अनुगमन तथा मूल्याङ्कन को लागी तपसिल बमोजिमको योजना अनुगमन तथा मूल्याङ्कन समिति गठन गर्ने निर्णय गरियो।

तपसिल

(१) गा०पा० अध्यक्ष - संयोजक
(२) गा०पा० उपाध्यक्ष - सदस्य
(३) प्रमुख प्रशासकिय अधिकृत - सदस्य
(४) इन्जिनियर वा सव इन्जिनियर - सदस्य
(५) योजना अधिकृत / योजना फाँट प्रमुख - सदस्य

(६) लेखा प्रमुख - सदस्य
(७) महिला तथा बालबालिका शाखा प्रमुख - सदस्य

नि.नं. (६) प्रस्ताव नं.६ मा छलफल गर्दा यस कार्यालयमा रिक्त रहेका का.स. २ प्राविधिकहरुको पदपूर्ति गर्न कार्यविधि अनुसार परिक्षा समिति गठन गर्ने निर्णय गरियो।

निर्णय नं.(७) प्रस्ताव नं.(७) मा व्यापक छलफल गर्दा यस गा.पा. को ~~आर्थिक~~ तपसिल बमोजिम समिति तपसिल बमोजिम पदाधिकारी रहने गरी गठन गर्ने निर्णय गरियो।

तपसील

लेखा समिति

(१) श्री कवि कुमार चन्द - संयोजक
(२) श्री रत्न बहादुर विष्ट - सदस्य
(३) श्री पुतला खड्का रोकाय - ,,

सुशासन तथा संस्थागत विकास समिति

(१) श्री चन्द्र बहादुर रावत - संयोजक
(२) श्री सन्तराम कामी - सदस्य
(३) श्री मोहबिर वली - ,,
(४) श्री धन बहादुर कुमाल ,,
(५) श्री हिरा खड्का ,,
(६) श्री भुमा थिङ ,,
(७) श्री पुष्पा सुनार ,,

विधायन समिति

(१) श्री दुर्गा बहादुर मल्ल - संयोजक
(२) श्री सार्की खत्री - सदस्य
(३) श्री अमृता कामी - ,,
(४) श्री जुना मल्ल चड ,,
(५) श्री धर्म खत्री ,,
(६) श्री धर्मराम नेपाली ,,
(७) श्री देवी खत्री ,,
(८) श्री मंगु शाही ,,
(९) श्री लोक ब. कामी ,,

(१०) श्री भिम बहादुर खड्का - सदस्य
(११) श्री पदम बहादुर खत्री ,,
(१२) श्री विमला खत्री ,,
(१३) श्री कमला वि.क ,,
(१४) श्री टिकी कामी ,,
(१५) श्री जयकली वि.क ,,
(१६) श्री बुद्धि के.सी. ,,
(१७) श्री इन्द्र के खड्का ,,

समितिको कार्यविधि समिति आफैले तय गर्दैछ र आवश्यकता अनुसार विज्ञहरुको विज्ञता प्रयोग गरी आवश्यक कानुनहरु निर्माण को लागी प्रक्रिया अगाडि बढाओइ।

निर्णय नं. (८) प्रस्ताव नं. ८मा छलफल गर्दा क्यान्सर पिडित दार्मा गा.पा. ५ बस्ने खिमा चन्दलाई रु १५,०००।- र ढाड भाँचिएको श्री दले कामी (दार्मा - ६) लाई रु १०,०००।- आर्थिक सहयोग प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं (९) प्रस्ताव नं. ९मा छलफल गर्दा यस गाउँपालिका को न्याय समिति तथा अन्य समितिलाइ आवश्यकता अनुसार कानुनी विज्ञको व्यवस्था गर्ने निर्णय गरीयो।